कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल


प. स. ०८८/०६९
च. न. ६२६

मिति:२०७८।०७।१०

## सहकारी संस्थाहरुलाई अत्यन्त जरुरी सुचना

सहकारी ऐन २०७४ को दफा ७५ (१), दफा ३९ (२) र दफा ७३ (१) बमोजिम क्रमश: सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरिक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरिक्षकद्वारा गराउनु पर्ने, समितिले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्ने र सो लगायतका अन्य विवरणहरु सम्बन्धित निकायका अधिकारी समक्ष बुझाउनु पर्ने व्यवस्था रहेको विदितै छ।

यस सन्दर्भमा कमल गाउँपालिका कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले लेखापरिक्षण तथा साधारण सभा गरे/नगरेको जानकारी प्राप्त नभएको र प्रचलित कानून बमोजिम बुझाउनु पर्ने विवरण सम्बन्धित अधिकारी समक्ष बुझाएको नपाइएकोले विवरण बुझाउन बाँकि रहेका सहकारी संस्थाहरुले आ व २०७८/७९ सम्मका लागि सूचिकृत हुन अनुरोध छ। साथै, कमल गाउँपालिका गाउँकार्यपालिकाको मिति: २०७८।०७।१० को निर्णयानुसार मिति २०७८ साल कार्तिक १७ गते भित्र आ-आफ्नो संस्थाको विवरण अनिवार्य रुपमा पेश नगर्ने तथा सूचिकृत नहुने सहकारी संस्थाहरुलाई त्यस सहकारी संस्था मार्फत किसानहरुलाई प्रदान हुने व्यवसाय प्रवर्द्धन कोषको रकम अन्य सूचिकृत सहकारी संस्थाहरु मार्फत प्रदान हुने व्यहोरा जानकारी गराइन्छ।

७८।७।१०

काजिमान राई
प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामति प्रशासन: समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"


Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१